मिति २०८१।०५।१२ गते दिनको ०८:३० बजे यस इस्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गाउँपालिकाका अध्यक्ष श्री भगत सिंह खड्का ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहायबमोजिम उपस्थिति रहि तपशिलका प्रस्तावहरु उपर छलफल गरि निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री भगत सिंह खड्का | अध्यक्ष | | |
| २ | श्री पार्वती कुँवर | उपाध्यक्ष | | |
| ३ | श्री शेर बहादुर कुँवर | सदस्य | | |
| ४ | श्री लोकनाथ आचार्य | सदस्य | | |
| ५ | श्री ज्योतिराज कुँवर | सदस्य | | |
| ६ | श्री राजु बस्नेत | सदस्य | | |
| ७ | श्री झविन्द्र अर्याल | सदस्य | | |
| ८ | श्री ढाल बहादुर कुँवर | सदस्य | | |
| ९ | श्री रेनुका विष्ट क्षेत्री | सदस्य | | |
| १० | श्री सुनिता विश्वकर्मा | सदस्य | | |
| ११ | श्री डोल बहादुर सार्की | सदस्य | | |
| १२ | श्री टिका कुमारी घर्ती (कुँवर) | सदस्य | | |
| १३ | श्री बसन्त सुनार | सदस्य | | |
| १४ | श्री खगिसरा पोख्रेल | सदस्य | | |
| १५ | दिनेश सारु | सदस्य सचिव | | |
| अन्य उपस्थिति | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**प्रस्तावहरुः**

प्रस्ताव नं. १ : जिन्सी सामाग्री वितरण सम्बन्धमा ।

प्रस्ताव नं. २ : अन्य विविध ।

Scanned with CamScanner

निर्णयहरु:

निर्णय नं १ : प्रस्ताव नं १ माथि छलफल गर्दा संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत नवीकरणीय उर्जा प्रविधी जडान कार्यक्रमबाट खरिद गरिएको १३७ पिस इन्फ्रारेड चुल्हो हाललाई देहायबमोजिम हुने गरि वितरण गर्ने निर्णय गरियो ।

| सि.नं. | वितरण गरिने निकाय/समुह | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|
| १. | वडा कार्यालय | ६ | पिस | |
| २. | स्वास्थ्य संस्था | ९ | पिस | |
| ३. | १-८ सञ्चालित सामुदायिक विद्यालय | १४ | पिस | |
| ४. | पूर्ण अशक्त अपांग सम्पूर्ण | ८४ | पिस | |
| | जम्मा | ११३ | पिस | |

साथै यस इस्मा गाउँपालिकामा एक घर एक धारा परिकल्पना अनुरुप खानेपानीको सहज उपलब्धताको लागि खरिद गरिएका खानेपानी सामाग्री (पानी मिटर गेट भल्ब सहित) ११५ पिस निम्नानुसार हुने गरि वितरण गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

| सि.नं. | वितरण गरिने वडा कार्यालय | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|
| १. | २ नं वडा | ११ | पिस | |
| २. | ४ नं वडा | ३८ | पिस | |
| ३. | ५ नं वडा | ३० | पिस | |
| ४. | ६ नं वडा | ३० | पिस | |
| | जम्मा | १०९ | पिस | |

Scanned with CamScanner

निर्णय नं २ : प्रस्ताव नं २ माथि छलफल गर्दा देहायबमोजिम निर्णयहरु गरियो ।

क. यस इस्मा गाउँपालिकाको *अपांगता भएका व्याक्तिको परिचयपत्र वितरण कार्यविधी,२०७५* को परिच्छेद ३ को दफा ६ को उपदफा १(ख) बमोजिमको गाउँकार्यपालिकाको महिला सदस्य मध्येबाट गाउँकार्यपालिकाले तोकेको महिला सदस्यमा कार्यपालिका सदस्य श्री रेनुका बिष्ट ज्यूलाई तोक्ने सर्वसम्मत निर्णय गरियो ।

ख. यस इस्मा गाउँपालिका समेतलाई विपक्षी बनई रामलाल कुँवर क्षेत्री निवेदक भई गुल्मी जिल्ला अदालत समक्ष दायर गरिएको मु.नं.०८०-CP-०३९२ को रिट निवेदनमा यस इस्मा गाउँपालिकाको कार्यालय,इस्मा गाँउँपालिकाका अध्यक्ष, इस्मा गाउँपालिका गाउँसभा र इस्मा गाउँपालिका वडा नं २ को तर्फबाट प्रस्तुत मुद्दामा लिखित जवाफ पेश गर्ने वारेश मुकरर गर्ने तथा मुद्दासँग सम्बन्धित सम्पूर्ण कार्यहरु गरि मुद्दाको पुर्पक्ष तथा किनारा लगाउनको लागि अधिकतम रु.पच्चीस हजारमा नबढी पारिश्रमिक पाउने गरि अधिवक्ता श्री भिमलाल न्यौपाने (प्र.प.स.:१०३४२) लाई कानुनी सल्लाहकारको रुपमा अख्तियार प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

Scanned with CamScanner